# ऐना : उत्तरआधुनिक अध्ययन

**डा. लक्ष्मीशरण अधिकारी**
*सहप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा*

---

## सार

*प्रस्तुत लेखमा उत्तरआधुनिक सैद्धान्तिक कोणबाट 'ऐना' कथा सङ्ग्रहको अध्ययन गरिएको छ । उत्तरआधुनिकता केन्द्रलाई मान्दैन, यो केन्द्रविरोधी विचार हो । रामलाल जोशीका कथामा परम्परागत नायकलाई ध्वस्त गरेर पुनर्निर्माण गरिएको छ । स्थानिक सत्यमा जोड, अधिनायकवादी पितृसत्ताप्रति असहमति, प्रगतिहीनता, अनिश्चितता, स्थानिक संस्कृतिको चित्रणमा जोड, बहुलता, सभ्य भनाउँदो मान्छेको मृत्यु जस्ता उत्तरआधुनिक मान्यता उनका कथामा भेटिएका छन् । लोकतन्त्र, सामाजिक न्याय तथा प्रगतिसम्बन्धी आधुनिकताको धारणा कतिपय कथामा मसिनो स्वरले व्यक्त भए पनि उनको मूल स्वर विविधता र बहुलताको अनुमोदन, सीमान्तकृतहरूतर्फ सहानुभाव राख्ने रहेकाले 'ऐना' उत्तर आधुनिकताका कोणबाट पठनीय कृति बनेको छ भन्ने निष्कर्षमा पुगिएको छ ।*

**मुख्य शब्द** : आधुनिकता, उत्तरआधुनिकता, एकत्व, केन्द्र, स्थानीय सत्य ।

---

## विषय परिचय

रामलाल जोशी (२०३१) का 'हत्केलामा आकाश'(गजल सङ्ग्रह, २०५७), 'ऐना' (कथा सङ्ग्रह, २०७२) र 'सखी' (उपन्यास, २०७५) गरी हालसम्म तीन पुस्तक प्रकाशित छन् । साहित्यसँग सम्बद्ध सांस्थानिक उत्तरदायित्वपूर्ण पदहरूमा र अनेकौं सभा गोष्ठीहरूमा सक्रियता देखाउँदै आएका जोशीको 'ऐना' (कथा सङ्ग्रह, २०७२) मदन पुरस्कारबाट पुरस्कृत कृति हो । यस कृतिमा आधुनिकताका केही मान्यता पनि भेटिन्छन् तर यसमा उत्तरआधुनिकताका कोणबाट 'ऐना' कृतिको अध्ययन विश्लेषण गरी उनका कुन–कुन कथामा उत्तरआधुनिक चेतना फेला पर्छ र त्यो चेतना कसरी व्यक्त भएको छ भनी आगमनात्मक र निगमनात्मक दुवै विधिको प्रयोग गरेर स्पष्ट पारिएको छ ।

## समस्याकथन

उत्तरआधुनिक कोणबाट अध्ययन गर्दा 'ऐना' कथा सङ्ग्रह कस्तो देखिन्छ ? भन्ने मूलभूत समस्यामा यो अनुसन्धानात्मक लेख केन्द्रित रहेको छ ।

## उद्देश्यकथन

© The Author, published by JRCC, Janapriya Multiple Campus.

उत्तरआधुनकि प्रमुख प्रवृत्तिका आधारमा 'ऐना' कथा सङ्ग्रहको अध्ययन गरी निष्कर्षमा पुग्नु यस लेखको उद्देश्य हो ।

## अनुसन्धान विधि र क्षेत्र

यो लेख तयार गर्दा पुस्तकालीय सामग्री सङ्कलन विधिको उपयोग गरिएको छ। विवेच्य कृति यस अध्ययनको प्राथमिक सामग्री हो । सैद्धान्तिक मान्यताका लागि उपयोग गरिएका सामग्री यसका सहायक सामग्री हुन् । कृतिको विश्लेषण गर्ने विविध कोण छन् । यसमा उत्तरआधुनिक कोणबाट 'ऐना' कथा सङ्ग्रहको पठन गरिएको छ। सन्दर्भ दिने क्रममा ए.पी.ए. पद्धतिको अनुसरण गरिएको छ।

## उत्तरआधुनिकताका प्रमुख मान्यता

द्वितीय विश्वयुद्धको अन्त्य (सन् १९४५) भएदेखि पाश्चात्य चिन्तनमा आधुनिकता कमजोर भयो र सन् १९६० तिर उत्तरआधुनकिता देखापऱ्यो । 'उत्तरआधुनिकतावादीका निम्ति आदर्श वा केन्द्र तथ्यगतभन्दा मनोगत चाहनाले उठाएको विचार हो'(राय, १९९९ : १८) । यसले युरोप वा गुरु नै ज्ञानका केन्द्र हुन् भन्ने कुरा मान्दैन । 'यदि उत्तरआधुनिकतावादसँग केन्द्र छ भने त्यो बहुल हुनुपर्छ (वाई, २००३ : २१५) । डेरिडाले पश्चिमा चिन्तनहरू अर्थलाई निश्चित बनाउँछन् भन्दै उनले केन्द्रीय तत्वप्रति ध्यान आकर्षण गराए र त्यसपछि केन्द्रलाई नै हटाएर किनारा लगाइएका विषयलाई केन्द्रमा ल्याए। नारीवाद, पर्यावरणवाद, बहुल मिडियाहरूको विकास तथा विस्तार भएकाले पुरानो सोच बदलिएको छ। 'सिर्जनामा, चिन्तनमा, अवधारणामा, विद्यामा, विधामा, सिद्धान्तमा भेदीकरण सुरु भयो' (गौतम, २०६७ : २१) ।

जिन फ्रान्सिस ल्योटार्डले उत्तरआधुनिकतालाई महान् आख्यानमा अविश्वास भनेर अर्थ्याएका छन् । ज्ञानोदय भन्नाले आधुनिकताको बोध हुन्छ। आधुनिकताले विज्ञानसम्मत बुद्धिवादलाई मुक्तिदायक मानेको थियो । प्लेटो, अरस्तु, डेकार्ट, कान्ट, हिगेल, मार्क्स बुद्धिवादी दर्शनका प्रणेता थिए, महत् आख्यनका निर्माता थिए । उदारवाद, मानववाद, हिन्दु, बौद्ध, इस्लाम चिन्तनहरू पनि महत् आख्यानमा समाहित हुन्छन् (गौतम, २०६७ : ४१३) । महत् आख्यानमा अविश्वास हुनु ज्ञान बहुलतामा फिँजारिनु हो । अहिले ज्ञान नारीवाद, स्थानीयतावाद, वातावरणवाद आदिमा विभाजित हुँदो छ र आधुनिक दर्शनको नयाँ केन्द्र बनाउँदो छ। महत् आख्यानले सबैलाई ढाक्ने हुनाले भेद र डिटेललाई स्थान दिँदैन । उत्तरआधुनकिता भने समग्रतालाई भन्दा स्थानीय आख्यानको आड लिएर विभिन्नतालाई जोड दिन्छ। ज्ञानोदयका सर्वाभौम अवधारणाबाट उनका कथा छुट्टिएका छन् । 'उत्तरआधुनिक चिन्तनको केन्द्रीय विचार वा दर्शनको केन्द्र हो– बहुलतावाद । यसको मूल तात्पर्य हो– एउटाको सट्टा अनेकको स्वागत' (भट्टराई, २०६२ : ८६) । संसारमा कुनै एकल सत्य छैन । हाम्रो ज्ञानको निर्माणमा अर्थतन्त्र, संस्कृति, लैङ्गिकता, जातीयताको भूमिका हुन्छ। सौन्दर्य, नैतिकता, प्रगति सापेक्षित हुन्छन् (लेमोन, २००३ : ३६०) । अनेकको स्वागत भनेको अल्पसङ्ख्यकको संस्कृतिलाई पनि स्वागत गर्न' हो । साहित्यिक कृतिमा अल्पसङ्ख्यकहरूको आवाज, पहिचान, बोली कसरी उनिएर आएको छ, त्यसको खोजी गर्न' उत्तरआधुनिक चेतना हो । उत्तरआधुनिकतावाद भनेको विचारको त्यो पद्धति हो जसले सत्य, तर्क, तादात्म्य, वस्तुगतता, सार्वभौम प्रगति या मुक्तिको विचार, समग्र खाका, महावृत्तान्त वा व्याख्याका अन्तिम आधारहरूको शास्त्रीय ज्ञानप्रति शङ्का जाहेर गर्छ (इगेल्टन, १९९७ : ७) । ल्योटार्डको भनाइअनुसार विश्वमा सार्वभौम सत्यको अभाव हुनाले सबै खालका सङ्कथनमाथि छलफल हुनुपर्छ। उनी दलका विचमा द्वन्द्व हुन्छ भन्छन् । एन्डिवेभरले उनको भनाइलाई स्पष्ट पार्दै द्वन्द्व पीडक र पीडितका

बिच रहन्छ भनेका छन् । कतियप स्थितिमा पीडक पीडित पनि बन्न सक्छ (वेभर, २०१२ : १९–३७) ।

सस्युर भाषा र बोलीको युग्मक खडा गर्छन् र भाषाको, संरचनाको, कोडको, व्यवस्थाको आधारमा व्यक्तिबोलीको अध्ययनलाई प्रोत्साहित गर्छन् । ल्योटार्ड भाषाले एकल अर्थ दिन सक्तैन भन्छन् (ल्योटार्ड, १९८८ : १५९) । उनका भनाइमा भाषा दुईटा अर्थ लाग्ने सूचनाको माध्यम हो । उत्तरआधुनकिताले दर्शन, भाषामा रुचि देखाउँछ, त्यसैले यसलाई भाषाको सिद्धान्त पनि भनिन्छ (रोय, १९९२ : १८७) । उत्तरआधुनकि खोजको ठूलो उपलब्धि भाषागत कलात्मकताको पहिचान हो ।

उत्तरआधुनिक हुनका लागि पहिला आधुनिक हुनुपर्छ । केन्द्रण, आधार, एकल, मूल, सार्वभौम, समग्र, वस्तुपरक, बुद्धिवाद, प्रगति, गहिराइ, महत् आख्यान, मौलिक आदि आधुनिकताका लक्षण हुन् भने विकेन्द्रण, शून्यता, बहुल, निर्माण, सापेक्ष, खण्डित, व्यक्तिपरक, अलङ्कारवाद, प्रगतिहीनता, सतही, लघु आख्यान, कृत्रिमता आदि उत्तरआधुनिकतावादको लक्षण हुन् । उत्तरआधुनिकताका प्रवृत्तिहरूका आधारमा 'ऐना' कथा सङ्ग्रहहरूमा यो चेतना के कसरी व्यक्त भएको छ र विशेष रूपमा कुन प्रवृत्ति भेटिन्छ भन्ने खोजी गरिन्छ ।

## 'ऐना' कथा सङ्ग्रहको उत्तरआधुनिक अध्ययन

'ऐना' कथा सङ्ग्रहका 'मुक्ति ?', 'रङ्गमञ्च' लगायतका केही कथामा लोकतन्त्र, सामाजिक न्याय तथा प्रगतिसम्बन्धी धारणाको व्याख्या छ । 'आधुनिकताको सबैभन्दा राम्रो पक्ष हो लोकतन्त्र, सामाजिक न्याय तथा प्रगतिसम्बन्धी धारणाको सेक्युलर व्याख्या (उप्रेती, २०६८ : ८९) । लौकिक शक्तिमा विश्वास आधुनिकता हो । 'कालीको गीत' कथामा अलौकिक शक्तिले जीवनलाई बचाउन सक्तैन भनी धार्मिक पाखण्डको विरोध छ । 'समाप्ति' कथामा पात्रहरूको वेदना सार्वभौम छ । यस्ता केही कथामा आधुनिक चेतना भेटिन्छ भने केही कथामा आधुनिक तथा उत्तरआधुनिक दुवै चेतनाको अभिव्यक्ति छ । उनका 'नायक', 'खेल', 'मध्यान्तर', 'सेती सुस्केरा', 'एउटा भोकको अन्तय', 'भर्जिन कथा', 'यथार्थ भ्रम', 'श्रीमान् वीरबहादुर', 'श्रमिति जुगुनीदेवी', 'साइबर सेक्स', 'दियो जलिरहेछ' कथामा उत्रआधुनिक चेतनाको अभिव्यक्ति छ । परम्परागत नायकलाई ध्वस्त गरेर पुनर्निर्माण गर्न', केन्द्रबाट उछिट्टिएका पात्रलाई केन्द्रमा ल्याउनु, स्थानिक सत्यमा जोड दिनु, शक्तिका आडमा सत्य पराजित भएको देखाउनु, इलोक्ट्रोनिक संस्कृतिले मानवीय मूल्यमा आउने भय व्यक्त गर्न', ग्राम्य बोलीलाई महत्त्व दिनु जोशीका कथाका विशेषता हुन् । यी यस्ता मान्यता हुन्, जसबाट उत्तरआधुनिक चेतना प्रकट हुने गर्छ । उनका कथामा व्यक्त उत्तरआधुनिक चेतनाको खोलुवा विमर्शका रूपमा तल प्रस्तुत गरिन्छ ।

**क) नायकको पुनर्निर्माण**

'नायक' उत्तरआधुनिक कथा हो । यसमा परम्परागत नायकलाई ध्वस्त गरेर पुनर्निमाण गरिएको छ । गाउँमा आकर्षणको केन्द्र बनेको खाइलाग्दो व्यक्तित्वको धनी रुद्रप्रसाद, षोडशी साहिंली बौजू, बौद्धिक व्यक्तित्व केशव सर र रूप, सौन्दर्य र साहसजस्ता सबै गुणले युक्त स्वस्तिका जस्ता सबै नायक नायिकामा कुनै न कुनै खोट देखाएर तिनलाई तल झारिएको छ र फेरि नयाँ गुण देखाएर नायकत्व प्रदान गरिएको छ । मनुवा कठायतको बाँसुरी वादन कलालाई तुच्छ भनिएको र फेरि स्थापित गरिएको छ । स्वस्तिका पोइल जान्न, घरमा पोइ ल्याउँछे । गाउँलेहरू स्वस्तिका हक्की, निडर र बहादुर नारी हो भन्ने निचोडमा पुग्छन् । यस कथामा महान् बन्ने होडबाट मान्छेलाई अलग्याउँदै पात्रहरूलाई उनीहरूकै विशिष्टतामा बाँच्न सिकाइएको छ । कथाले आञ्चलिक समस्यालाई उठाएको छ ।

**ख) पितृसत्ताप्रति असहमति**

अधिनायकवादी पितृसत्तामा असहमति आधुनिकताको विशेषता हो र नैरन्तर्यका दृष्टिले उत्तरआधुनिक विशेषता पनि हो। पुरुषमा शासकको भाव र नारीमा समर्पणको भाव हुन्छ भन्ने मान्यता छ। 'पापीघाट' कथाकी लीलामा समर्पणको भाव मात्र छैन उसले आफूलाई पोइल हिँड् भनी बल प्रयोग गर्ने बन्तोलालाई आँसीले टाउकामा हिर्काउँछे।

**ग) बहुलता**

उत्तरआधुनिक मान्यतामा एकत्व छैन, छ - अनेकता, बहुलता (गौतम, २०६४ : ३८)। परिवारमा बाबुको, पतिको हैकम क्षीण भएको छ, छोरा, छोरी, पत्नी आफ्नै रुचि मुताविक हिँड्छन्। सुधा देखिएका पात्रहरू विचित्रका देखिन्छन्। 'खेल' कथामा कथाको नायक बिहे गर्ने उद्देश्यले काहिंला भण्डारीकी छोरी सृष्टिसँग कुरो छिन्न जान्छ। सृष्टिले नढाटीकन भन्छे - "म आफ्नो ब्वाइफ्रेन्डलाई छोड्न सक्तिनँ। त्यो कुरा मञ्जुर छ भने मात्र म तिमीसँग बिहे गर्छु नत्र गर्दिनँ' (जोशी, २०७२ : २६)। विवाहजस्तो कुरो ख्यालख्याल भइसकेछ। विवाह र परपुरुषसँग सम्बन्ध सँगसँगै हिँडाउनु पारिवारिक संरचना कमजोर हुने कुरा हो। च्युराघरे पारु दिदी काठमाडौँ आएपछि प्रियलताको परिचय बनाउँछे, परपुरुषसँग खेल खेल्छे। त्यो खेल ख्यालख्यालको हो वा साँच्चैको हो छुट्याउन नसकिने खालको छ। परिवार टुक्रे भएको छ। पति पत्नीको सम्बन्ध पनि साँच्चैको हो वा ख्यालख्यालको किटान गर्न नसकिने भएको छ। काठमाडौँको जीवन अनेक लीलाहरूको लेखोट भएको छ। घरपट्टिसँग बेडलभ भएपछि डेरावाल केटाहरूको पैसाको टन्टा हराउन थालेका छन्। केटाले यौन कर्मबाट पैसाको सङ्कट पन्छाउनु उत्तरआधुनिक खेल हो। सबैका सपना अधुरा छन्। गाउँका मान्यतासँग तुलना गर्दा सहरका मान्यतामा अनेकता छ।

**घ) तहगत भेदप्रति असहमति**

उत्तरआधुनिकतामा आएर उच्च र निम्न तहको भेद समाप्त भयो (गौतम, २०६४ : ५४)। विज्ञापनले पनि बहुग्राह्यतामा जोड दियो। 'रङ्गमञ्च' कथामा मान्छेहरू भन्छन् - "हाम्रो यहाँका डाक्टरहरूले त पैसा मात्र लुट्न जानेका छन्। यिनीहरूभन्दा त त्यो देशीले कति राम्रोसँग सम्झाएर औषधी दिन्छ। त्यसको दवाई त कति राम्रो छ कति" (जोशी, २०७२ : ४६)। उत्तरआधुनिकतामा बुद्धिवादको अन्त्य भयो। डाक्टरले सबै समस्याको समाधान गर्छ, डाक्टर सर्वज्ञ हुन्छ भन्ने भ्रम रहेन। रोगीले डाक्टरलाई बुद्धिजीवी नदेखेर पैसाजीवी देख्न थाल्यो।

**ङ) समावेशी रचना**

उत्तरआधुनिक लेखन समावेशी छ। 'मध्यान्तर' समावेशी रचना हो। यसमा अठार वर्ष नहुँदै चुरा फुटाएकी माइली आमा र कोड लागेर जङ्गलमा छाडिएका माइलाबाको कथा भनिएको छ। केन्द्रबाट उछिट्टिएका यी पात्रलाई यस कथामा धौली, डाङ्रे, भिमे, खन्टी, रतने, दोभाने लगायतका पात्र पनि केन्द्रबाट उछिट्टिएका पात्र हुन्।

**च) विस्थापनको पीडा**

'सेती सुस्केरा' कथामा जीवनको अनिश्चितता, गरिबी र विस्थापनको पीडा मार्मिक रूपमा व्यक्त गरिएको छ। समाज कल्याण मन्त्रालयको गरिबी निवारणसम्बन्धी महिला उत्थान फाराममा आफ्नो नाम लेखाउने क्रममा सेती दमिनीले विस्थापनका पीडा बताउँदै जान्छे। उतातिर पुलिसले सेती दमिनीको झुप्रो जलाउँछ। यसमा आशा र निराशालाई फेटेर प्रस्तुत गरिएको छ। सीमान्तकृत दलित महिलाको सकसलाई केन्द्रमा ल्याइएको छ। आधुनिकताले लोकतन्त्रका कुरा गर्छ तर सेती दमिनीका सकस केन्द्रमा ल्याउँदैन। लोकतन्त्रवादी भनिएको सरकारले गरिबी निवारण सम्बन्धी महिला उत्थान

फाराम भराउने र सुकुम्बासी सेती दमिनीको झुप्रो जलाउने कार्यलाई सँगसँगै अघि बढाएको छ । राजनैतिक रूपमा यस कथाले माओवादी आन्दोलन दलित व्यक्तिलाई पीडादायी बनेर आएको छ भन्ने सन्देश प्रवाह गर्छ । सेती दमिनीको जेठो छोरालाई शाही सेनाभन्दा ठुलो मान्छे बनाउँछौँ भनेर लैजानु तर बेपत्ता हुनु सेती दमिनीका लागि पीडाको विषय बनेको छ । मार्क्सवादीमाथिको भरोसा यस कथामा ध्वस्त भएको छ । राजनैतिक रूपमा मार्क्सवादीहरूले आफूहरूलाई आधुनिकतावादी भन्छन् ।

**छ) दलित महिला केन्द्रमा**

'कालीको गीत' कथामा दलित महिलालाई केन्द्रमा ल्याइएको छ । उत्तरआधुनिकताले स्थानिक व्यक्ति र संस्कृतिलाई केन्द्रमा ल्याउँछ । कथामा भनिएको छ - 'गाउनमा चाहिँ वरदानै पाएकी हुन् काली बौजूले । उनको कला र गलामा विशेष जादु थियो' (जोशी, २०७२ : १२९) । मान्छेलाई भित्रैदेखि हल्लाउन सक्ने क्षमता भएकी, मान्छेलाई अर्को संवेगमा रूपान्तरण गर्न सक्ने कला भएकी भनी काली बौजूका प्रशंसा गरिएको छ । दलित हेय भन्ने सङ्कीर्णतावादीहरूको गलत बुझाइलाई लेखकले तोडेका छन् ।

**ज) स्थानिक सत्यको प्रस्तुति**

'एउटा भोकको अन्त्य' कथाले स्थानिक सत्यलाई केन्द्रमा ल्याएको छ । बाजुरा बाटुलेचौर निवासी कोइली रोकायले चार सन्तान लिएर मोहना खोलामा हाम फाली । मुलुकमा लोकतन्त्र, समावेशी, धर्मनिरपेक्षता सबै महाख्यान छ तर कोइली रोकायले भोकका विरुद्धमा साहदत गरी । कोइलीका निम्ति वर्गविहीनताको मार्क्सवादी सत्य र विकास तथा व्यक्तिगत स्वतन्त्रताको उदारवादी सत्यले काम गरेनन् । सत्यहरू बहुल हुन्छन्, स्थानिक हुन्छन् । कोइली रोकायलाई बम्बै जानबाट पुलिसले रोक्यो । काम गरेर खाने उसले कुनै उपाय भेटिन । राज्यले दाबी गरेका सत्य रोकायका निम्ति अर्थहीन देखिए ।

**झ) नयाँ केन्द्रको स्थापना**

'भर्जिन-कथा' मा वेश्या घटिया र म्यानेजर, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, प्रहरी अधिकृत, रेडक्रसका पदाधिकारी, मारवाडी, कार्यालयका हाकिमहरू ठुला मान्छे हुन् भन्ने कुरा ध्वस्त पारिएको छ । ठुला भनिएका मान्छेहरू भर्जिन खोज्दै नाबालिकासँग यौन संसर्ग गर्न उद्यत देखिएका छन् । मारवाडीले एउटा १२ वर्षे बालिकालाई करणी गरी बेहोस तुल्याएको छ । आमा महान् हुन् भन्ने महाख्यान पनि ध्वस्त भएको छ । आमा नाबालिग छोरीका निम्ति ग्राहक खोज्छे । छोरा आमाका निम्ति ग्राहक खोज्छ । चीत्कार र पीडाले मान्छेको मुटुलाई छुँदैन । विश्वास, मानवता, प्रेम सबै खरानी भएका छन् । सारिका वेश्या तारा नामकी १२ वर्षे बालिका बलात्कृत हुँदा विचलित भएकी छ । उसभित्रको मानवीयता साँच्चै रोइरहेको देखेँ भनी कथाको म पात्र भन्छ । मानवीयतालाई मान्छेको सबैभन्दा उच्च गुण मान्ने हो भने सारिका वेश्या सबैभन्दा महान् छे । सीमान्तकृत महिलाले मानवीयताको मुद्दालाई केन्द्रमा ल्याएकी छ । ठुला भनिएका पात्रले मात्र नभएर साना देखिएका पात्रले पनि ज्ञानका क्षेत्रमा योगदान पुऱ्याउँछन् । नयाँ केन्द्रको स्थापना कथामा भएको छ । 'सत्य धुजाधुजा भएका कारण टुक्रे सत्यको बटुलबाटुलमा हामी घुम्दै छौँ' (गौतम, २०६७ : ४५१) । मूल्य तथा मान्यताहरूको मृत्यु भएकाले सारिका जब्बर पात्रका रूपमा देखिएकी छ । खानदानी देखिएको ग्राहकलाई अवाक पारेकी छ । सारिकाको पेसा र संवाद म पात्रलाई अश्लील लाग्छ र मल्ल राजाकी छोरी भएर पनि यस्तो काम गर्छन् भनी प्रश्न गर्दा सारिका प्रतिप्रश्न गर्दै भन्छे - 'के मल्ल राजाकी छोरीको मुजी हुँदैन ? पेट हुँदैन ? खाना खानु पर्दैन ? मल्ल राजाकी छोरीले बाँच्नु पर्दैन ?' (जोशी, २०७२ : १६१) । सारिकाका आँखाबाट आँसु होइन, तर्क भरिएर आउँछन् । म पात्र अवाक हुन्छ । सारिका वाचाल

छे । म पात्रलाई मात्रै सारिकाको संवाद अश्लील हो । सारिका र उसको समाजलाई त्यो संवाद अश्लील होइन । उपभोग प्रधान समाजमा श्लील र अश्लील शक्तिले, पितृसत्ताले र उपयोगिताले निर्धारण गर्छ ।

**ञ) उपभोक्तावाद**

यौन बजारको वस्तु भयो, किनबेच गर्ने बजारको मालसामान जस्तै ठहरियो । व्यक्ति उपभोक्तामा खुम्चियो । मान्छेको परम्परागत गरिमा समाप्त भयो । जीवन शैली मनोरञ्जनमा केन्द्रित भयो । यौन बजारमा श्लील र अश्लीलताको भेद खोज्नु परम्परावादी पाठकको मात्रै काम हुने भयो । श्लील र अश्लील सांस्कृतिक पाठको अर्थ अनिश्चित भयो । सभ्य भनाउँदो मान्छेको मृत्यु भइसकेको अवस्थामा ऊ न सभ्य छ, न असभ्य छ, उसको बोली न श्लील छ न अश्लील छ । मान्छे मनोरञ्जनमा केन्द्रित भयो । यस कथामा सभ्य र भव्य मान्छे कोही देखिएनन् । सार्वजनीन, सार्वलौकिक नैतिकता खण्डित भएको छ । नारीवाद र स्थानीयतावाद नै केन्द्रमा आएका छन् ।

**ट) महत् आख्यानप्रति अविश्वास**

'उत्तरआधुनिकताले समग्रतालाई अधिनायकवादी सोच भन्यो । सबैलाई एउटै सिद्धान्तको कठघरामा ठेल्नु जबर्जस्ती गर्नु हो । आधुनिक ज्ञानको औचित्य, समग्रतावादले, महत् आख्यानले प्रमाणित गरेको थियो' (गौतम, २०६७ : ४१३) । 'मुक्ति ?' कथाले अध्यात्मवादीहरू अनुदारवादी हुन्छन् भन्ने महाख्यान भत्कायो । धार्मिक व्यक्ति भएर पनि गुरु गोविन्द व्यभिचारी पत्नीलाई उत्तिकै प्रेम गर्छ र पत्नीको गुप्त प्रेमीलाई बोलाएर शिष्टतापूर्वक आफ्नी पत्नी जिम्मा लगाउँछ । यस कथाले विभिन्नता र स्थानीयतालाई केन्द्रमा ल्याएको छ ।

**ठ) सत्यको आधार शक्ति**

'यथार्थ भ्रम' कथामा सत्य शक्तिशालीका अगाडि पराजित भएको छ । जो शक्तिशाली छ र वातावरणसँग तालमेल राख्न सक्छ, उसैको जित हुन्छ भन्ने मान्यता उत्तरआधुनिकतावादी राख्छन् । इन्द्राको पतिले भैँसीलाई करणी गरेको थिएन । ऊ भैँसीमाथि चढेर बाँसको लाठो पन्छाउन खोज्दै थियो तर लाठो निकाल्न थाल्दा भैँसीले जिउ हल्लाएपछि डङ्रङ्ग ऊ गोबरमै पछारियो । नरेले इन्द्राको पतिले भैँसीलाई करणी गरेको हल्ला फैलायो । कचहरी बस्यो र उसले भैँसीलाई करणी गरेको आरोप साबित गरियो । गाउँलेले पुष्टि गरेपछि उसका आफ्नै आमा र पत्नीले समेत पत्याए । शक्तिले सत्यलाई पुष्टि गऱ्यो । वैरीका खेलले उनीहरूको जीवन उजाड भयो ।

**ड) सापेक्ष मूल्यको वकालत**

'श्रीमान् वीरबहादुर' कथामा थारू र सीमान्तकृत अवस्था पुऱ्याएकी नारीको सङ्घर्षलाई केन्द्रमा ल्याइएको छ । पुलिसले मूलधारका व्यक्ति र पिछडिएको वर्गलाई यस्तो विभेदमूलक भाषाको प्रयोग गर्छ - 'तँ साले, रिक्सा चलाउने थारू, मुसाकाल । किन कुटिस् सुब्बासापूलाई' (जोशी, २०७२ : १८३) । सुब्बासाहेब ठुलो मान्छे हो भन्ने कुरा वीरबहादुर चौधरी अस्वीकार गर्छ । सुब्बाले वीरबहादुर चौधरीकी पत्नी ताकेको हुँदा सुब्बासाहेबलाई चौधरीले हात हाल्छ । किनारामा परेको चौधरी हाकिम केन्द्रित न्यायलाई तोड्न उद्यत् छ । प्रियलताका निम्ति गर्भ बोकाएर बेपत्ता हुने खानदानी राजनभन्दा रिक्सा चालक वीरबहादुर महान् भएर आयो । 'मोटा शास्त्रहरूले दर्शन मात्र छाँट्छन्, ज्ञान दिँदैनन् भाइ' (जोशी, २०७२ : १९३) भन्ने प्रियलता मूलधारीय दर्शनप्रति प्रश्न गर्छे । सीमान्तीकृत्का, नारीका विचारमा सहानुभूति राख्ने यस कथामा सुब्बासाहेब जस्तो शक्तिकेन्द्र र खानदानी युवक राजनको उच्चतामाथि प्रश्न गरिएको छ । आजका शक्तिकेन्द्र मिडिया र पुलिस हुन् । थारू र नारीलाई खेदेर, लखेटेर जागिर खाने काम यिनैले गर्छन् भन्ने सन्देश यस कथाले दिन्छ ।

'श्रीमती जुगुनी देवी' कथामा मुक्त कमैया बस्तीका पात्रहरूलाई केन्द्रमा ल्याइएको छ । शिविरमा राम्रो सम्मान पाएको एनजिओको कर्मचारी वंशरामको असली चरित्र उदाङ्ग पारिएको छ। तरकारी, बिउबिजन वितरण र उत्पादन सम्बन्धी मुक्त कमैया शिविरमा छलफल चलाउन आइरहने वंशरामलाई जुगुनीले आशामतीसँग आपत्तिजनक अवस्थामा देख्छे । वंशरामले आशामतीप्रति देखाएजस्तै फिरुलालले निरन्तर आफूप्रति आसक्ति देखाएको सम्झेर आफू पनि आशामतीजस्तै सुन्दर छु भन्ने उसलाई लाग्छ । उसले फिरुलाल जिस्क्याउने मन गर्छे । कमैया बस्तीको सौन्दर्य मूलधारको सौन्दर्यभन्दा पृथक् छ । ब्राह्मण परिवारमा बारम्बार परस्त्रीमा आसक्ति देखाउने पुरुष निन्दनीय मानिन्छ । कमैया बस्तीमा परपुरुषको आसक्तिले जुगुनी देवीलाई राम्री रहिछु भन्ने आशाको सञ्चार भयो । स्थानिक सत्यलाई कथाले केन्द्रमा ल्याएको छ। ज्ञान, मूल्यहरू आदि निरपेक्ष नभएर सापेक्ष हुन्छन् (वार्ड, २००३ : २१९) भन्ने पुष्टि यस कथामा भएको छ।

**द) विनाशको भय**

'साइबर सेक्स' कथामा वर्तमान जगत्को इलेक्ट्रोनिक संस्कृतिले मानवीय मूल्यमा आउने ह्रास र विनाशको भय व्यक्त गरिएको छ। चरम साइबर सेक्समा डुबेकी तारा फेसबुकमा देखिएको खाइ लाग्दो युवक आफ्नै छोरो भएको रहस्य उद्घाटन भएपछि उसमा अपराध बोध हुन्छ र झुन्डिएर आत्महत्या गर्छे । साइबरले समाज, संस्कृति र परिवार बहुचिरा भएको छ । साइबर संस्कृति गाउँमा पनि पस्न थालेको छ। यान्त्रिकताले, क्षणिक भौतिक सुखको उन्मादले, संवेदनहीनताले समकालीन समाज छोपिएर अर्कै भएको छ। बिहे गरेको दुई वर्ष नबित्तै घरको भन्दा परको मान्छेको बढी माया हुने स्थितिमा फेसबुकले पुऱ्यायो । कथा, उपन्यासका सीमारेखा विघटन भएजस्तै पारिवारिक सम्बन्धहरू खुकुला हुन थाले । पत्नीले पतिलाई विदेश छिटो जान कर गर्ने, विदेश गएको पतिलाई उतै रोक्ने, वकिलले मिल्न लागेका पति पत्नीलाई सम्बन्ध विच्छेद गराउन मद्दत गर्ने जस्ता घटनाहरू नौला र डर लाग्दा छन् । स्थानीयतासँग जोडिएका जोशीका कथाले अपरम्परित समस्यालाई केन्द्रमा ल्याएका छन् ।

'दियो जलिरहेछ' कथामा पहाडिया र थारूमध्ये कुन असल र कुन खराब भन्न मुस्किल छ । पहाडीले थारू खराब देखेका छन् भने थारूले पहाडी खराब देखेका छन् । देश द्वन्द्वमा फँसेको अवस्था छ । द्वन्द्वको कारक सङ्घीयता रहेको छ । एउटा पहाडिया भन्छ - 'यी थारूहरूलाई हामीले हात धोएर खान सिकायौँ । कट्टु नलाउनेहरूलाई पाइन्ट लाउन सिकायौँ । आधुनिक तरिकाले खेती गर्न सिकायौँ' (जोशी, २०७२ : २२०) । पहाडीले थारूलाई सभ्यता सिकायौँ भनेर दाबी गरिरहँदा एउटा थारू आन्दोलनकारी तर्क गर्छ - 'यी पहाडीहरूको हामीले कति सेवा गऱ्यौँ, कति । ... आफ्नो जमिन यिनलाई दिएर मालिक बनायौँ । आफू यिनैका कमैया बस्यौँ । हाम्रा जननीहरूले यिनका भाँडा धोए । ओछ्यान लगाए' (जोशी, २०७२ : २२१) । थारूले पहाडीहरूको दासताबाट मुक्ति खोजेका छन् । दुबैथरीका मन्तव्य उत्तेजित र उग्र छन् । दुबैका तर्कमा दम छ । एउटा पक्षलाई थरुहट राज्य चाहियो । अर्को पक्षलाई अखण्ड राज्य चाहियो । कथाकार बहुलवादी छन् । उनको हेराइ एकत्ववादी नभएर बहुलवादी छ । पहाडी र थारू महिला सडकमा निस्केर युद्ध रोक्छन् । शान्ति र सद्भावका नारा लगाउँदै महिलाहरू उत्तेजित युवाहरूलाई थमथमाउन सफल हुन्छन् । कथाले नारीलाई केन्द्रमा ल्याएका छन् । नारीको प्रशंसा गर्दै कथाकार लेख्छन् - 'यी प्रेमका पुजारी नारीहरू युद्धका बिचमा पनि प्रेमका सुमधुर गीत गाउँदै थिए । मातृत्वका मृदुल आवाजहरू अलाप्दै थिए' (जोशी, २०७२ : २२४) । प्रेम र सद्भावको नाराबाट समाज जोडिएको हुँदा यो कथा आधुनिक पनि छ ।

**ण) प्रचलित मूल्यहरूप्रति असहमति**

उत्तरआधुनिकतावादीहरू जीवनको पूर्वार्द्धमा मार्क्सवाद र कम्प्युनिस्ट पार्टीसँग जोडिएका छन् । युरोपको बौद्धिक विलास तथा केही बुद्धिजीवीहरूको चिन्तन बनेको उत्तरआधुनिकतावाद उत्तर पुँजीवादी युगको सांस्कृतिक चिन्तन हो । वर्ग, वर्ग सङ्घर्ष, मानवता आदि सबैको अन्त्यको घोषणा गर्दै सामाजिक अराजकता सिर्जना गर्नु यसको लक्ष्य हो भनी यसको आलोचना पनि भएको छ (भट्टराई, २०६५ : १८) । 'खुटियाको काख' कथामा सामाजिक अराजकताको चित्रण नभएर मार्क्सवादीबाट सीमान्तकृत वर्गले पाएको सकस वर्णन छ । बाङ्गे बुढाको जेठा छोरालाई माओवादीले बेपत्ता पार्छन् भने मार्क्सवादीहरूको बहुमत रहेको लोकतान्त्रिक सरकारले बाङ्गे बुढाको बस्ती हटाउने घोषणा गर्छ । सरकारी घोषणाबाट बाङ्गे बुढाको मुख विकृत हुन्छ । यसमा मार्क्सवादीहरूको महाख्यानलाई स्थानीय सत्यबाट अस्वीकृत गरिएको छ । "यै ढुङ्गा फोडेर पनि खान दिएनन् असती पापीहरूले । करान्ती गर्ने भनेर लगे । ऐलेसम्म पनि त्यो फर्केर आएन" (जोशी, २०७२ : २३८) । बाङ्गे बुढाको कथनमा अराजकता नभएर जसका निम्ति क्रान्ति गरियो, त्यही वर्गको क्षति भएको मर्म छिपेको छ । इतिहास विकासतिर होइन क्षयतिर गएको छ ।

उत्तरआधुनिक मान्यतामा जाति, जनजाति, दलित, विस्थापितहरूका भनाइ, मूल्य र मान्यताको पनि केन्द्र हुन्छ । ठुला मान्छेले मात्र सही कुरा गर्छन् भन्ने होइन । बाङ्गे बुढाकी पत्नीका कुरा सुनेपछि कथामा विचार वाक्य आख्यिताले यसरी प्रस्तुत गर्छ - 'मानव सेलाउने चिहान घाटको किनारमा, झोपडी हालेर ढुङ्गामा हाड घोट्दै हाँसिरहेका मान्छेहरू पनि देखेँ । अनि बुझेँ, मजाले बुझेँ - दुःख र सुखको मुख्य केन्द्र आखिर मन नै रहेछ' (जोशी, २०७२ : २३५) । झोपडीमा बस्ने मान्छेहरूलाई निरीह, अशक्त, असहाय, कर्महारा देखाउने प्रचलित परम्परा यस कथाले तोडेको छ । बाल पात्रहरू अपठित छन् तर ती जब्बर छन्, स्कुल जान सुझाव दिने भलादमीलाई एउटा बालक प्रतिप्रश्न गर्छ - 'तपैंले भनेर हुन्छ ? हाम्रा बाआमाले पनि भन्नु पर्‍यो नि । खानु पर्दैन हामीले ? खानु पर्‍यो नि" (जोशी, २०७२ : २२९) । पहिले खाना अनि त्यसपछि स्कुल भन्ने बालक सत्य बोल्छ । त्यस्तै अर्को बालक प्रतिप्रश्न गर्छ - 'तपाईंले गिट्टी नफोरेपछि तपाईंलाई चाइँ खान दिन्छन् तपाईंका बाले' (जोशी, २०७२ : २३०) । बालकले बुझेको सत्य गिट्टी नफोरी कसैले खान पाउँदैन भन्ने हो । खान पाएपछि शिक्षाका, बालअधिकारका कुरा आउने हुन् । यी सीमान्तकृत पात्रले बुझेको सत्य स्थानिक सत्य हो । उत्तरआधुनिक साहित्यको ठुलो हिस्साले विशिष्ट र सामान्य व्यक्तिका अभिव्यक्तिलाई समान महत्त्व दिन्छ ।

**त) विशुद्धतावाद अमान्य**

भाषिक विविधता पनि 'ऐना' कथासङ्ग्रहको महत्त्वपूर्ण प्राप्ति हो । यसमा मझ पच्छिमा र परपच्छिमा भाषिकाको प्रयोग भएको छ । 'मध्यान्तर' मा अभिव्यक्त देवर भाउजूका संवादले डोटेली भाषिका/भाषाको नमुना प्रस्तुत गरेका मात्र छैनन्, त्यस क्षेत्रका बासिन्दाको सामाजिक तथा सांस्कृतिक पक्षको पनि परिचय दिएका छन् (पौड्याल, २०७३ : ९४) । जोशीले त्यहाँको बोलीलाई ग्राम्य, भल्गर भनेर पन्छाएका छैनन् । उत्तरआधुनिक मस्तीका दृष्टिले यस्ता बोली रोचक हुन्छन् । दलित समुदाय, नारी समुदाय, किनारीकृत् समुदायको संवाद टिप्दै विशुद्धतावादलाई पन्छाउनु उत्तरआधुनिक चेतना हो ।

## निष्कर्ष

जोशीका कथामा आधुनिकताका कतिपय प्रकृति फेला परे पनि मूलभूत रूपमा उत्तरआधुनिक चेतनाको उपस्थिति छ । आधुनिकताले लौकिकता, प्रयोगशीलता र नवीनतामा जोड दिन्छ । उनका कथामा जोशीले सुदूरपश्चिमका मान्छेका लौकिक समस्या उठाएका छन् । आधुनिक साहित्यले बुद्धि र तर्कलाई जोड दिन्छ । त्यसको प्रभाव पनि जोशीका कथामा

छ । उनले देशको समीक्षात्मक बोध गरी पश्चिमका मुद्दाहरू एकएक गरी उठाएका छन् । समग्रमूलक सत्यको खोजीमा कथाकार देखिएका पनि छन् । उनले राजतन्त्रको विरोध र लोकतन्त्रको खोजी गरेका छन् । आधुनिकताले प्रगतिमा विश्वास दिलायो । उनले पढाइमा जोड दिएका छन् । सीमान्तकृत वर्गका छोराछोरीलाई विद्यालय पठाउनु पर्ने अप्रत्यक्ष सन्देश उनका कथामा छ । कमैया बस्तीका बालक विद्यालय नगएको चिन्ता उनका कथामा छ । कमैयाले बस्ने घरखेत नपाएकामा चिन्ता गरेका छन् । अनुशासन, उच्च बौद्धिकता र प्रियताले अरूका हृदयमा बस्न सकिन्छ भन्ने सन्देश कथामा दिएका छन् । अन्तर्वस्तुको विविधताको खोजी, अभिव्यक्तिका रूपहरू र उपकरणहरूको नयाँ सङ्गठन आधुनिक साहित्यको विशेषता हो । यसतर्फको रुचि पनि जोशीका कथामा भेटिन्छ । कथाकारले पुनरावृत्ति, एकरूपता जडताबाट बच्न सत्यलाई व्यक्त गर्ने नयाँ नयाँ तरिकाको खोजी गरेका छन् । 'खुटियाको काख' कथामा कथाको मूल विषयमा प्रवेश गर्न निकै लामो पृष्ठभूमि बनाउँछन् । मानवतावादी स्वर उनका कथामा फेला पर्छन् । आध्यात्मिक तत्त्वतर्फ धकेल्ने तत्त्व धर्म हो । जोशीका कथामा धार्मिक पात्र पनि छन् तर कथाकारको जोड लौकिक समस्याको हलमा रहेको छ । आधुनिकताको परम्परासँग विरोध छ । उनका कथामा भूतकालिक चेतना होइन, परिवर्तित वर्तमानका मुद्दामा केन्द्रित छन् । यस्ता कतिपय आधुनिकताका लक्षण उनका कथामा फेला परे पनि उनको मूलभूत दृष्टिकोण उत्तरआधुनिक छ ।

जोशीले समकालीन यथार्थलाई बहुल कोणबाट हेरेका छन् । जोशीका कथामा स्थानीय रङ र भाषिक सांस्कृतिक विविधता, निम्न वर्ग, पात्र र परिवेशको चयन, समावेशी अवसरको खोजी, उच्च वर्गीय लोकतन्त्रप्रति असन्तुष्टि जस्ता पक्ष सशक्त रूपमा आएका छन् र कथामा उत्तरआधुनिक चेतना राम्रैसँग पसेको छ । जोशीले समग्र ज्ञानको विरोध नगरी स्थानीय पात्रका आनुभविक ज्ञानको संश्लेषण गरेका छन् । मार्क्सवादको सकारात्मक प्रभाव उनले देखाएनन् । मार्क्सवादलाई महाख्यान भनिन्छ र यसले प्रगतिमा जोड दिन्छ । जोशीका कथामा मार्क्सवाद समस्याका रूपमा खडा छ । मार्क्सवादीहरूले क्रान्तिका नाममा दलितका, अवसरविहीनका तन्नेरी कामदार छोरा अपहरणकै शैलीमा सेनाभन्दा ठुला मान्छे बनाउँछौँ भनी लगेर युद्धमा भोसेका छन् र ती जवानहरू बेपत्ता भएका छन् । उनका कथामा मार्क्सवादले आशा थपेको छैन, दुःखीका घरमा झन् दुःख थपिने गरी आएको छ । एउटै विचारले सबैलाई डोऱ्याउँदैन भन्ने कुरामा जोशी विश्वस्त छन् । उनका बौद्धिक र भलादमी देखिएका पात्रलाई सामान्य लाग्ने पात्रले झस्काएका छन् र तिनका टिप्पणीले ज्ञानका क्षेत्रमा सकारात्मक महत्त्व राख्छ भन्ने कुरामा लेखक विश्वस्त देखिन्छन् । जोशीले सत्यको एउटै पाटो हुन्छ भन्ने आधुनिक दृष्टिलाई लत्याएका छन् । उनले मधेश आन्दोलनमा पहाडी र थारू दुबै पक्षबाट भएका गल्ती तटस्थ रूपमा देखाई एउटा पक्ष ठिक र अर्को पक्ष पूरै बेठिक भनी गरिने अतिवादप्रति आलोचना मात्र गरेका छैनन्, नारीलाई अगाडि सारेर द्वन्द्वको आगो निभाउन खोजेका छन् । जोशीले इतिहासको अन्त्य भनेका छैनन् तर देशको इतिहास क्रमिक रूपमा प्रगतितर्फ लाग्दा सुदूर पश्चिमको रूप जहाँको त्यहीँ रहेको यथार्थलाई कथामा अनेक कोणबाट पुष्टि गरेका छन् ।

समग्रमा पश्चिमको समाज समस्याहरूले विकृत बनेको र मानवता नै विक्षिप्त बनेको यथार्थ जोशीका कथामा भेटिन्छ । खुसी, आनन्द, उत्सव पश्चिम नेपालमा क्षणिक छन् । किशोरीहरू बलात्कृत भएका छन् र त्यसमा परिवारकै सदस्यले सहयोगी भूमिका खेलेका छन् । क्रान्ति सफल भएको भनियो र मार्क्सवादीहरू शान्ति प्रक्रियामा पनि आए तर दलितका समस्या, मुक्त कमैयाका समस्या उस्तै देखिएका छन् । ऐनामा टल्किन नपाउँदै किशोरीहरू नर्कमा पुगेका छन् । उत्तरआधुनिक कोणबाट सुदूर पश्चिमको नेपाली समाजको यथार्थ चित्र 'ऐना' मा प्रतिबिम्बित भएको छ । कथित उच्च वर्गले बोल्ने चोखो, लालित्यपूर्ण, मानक भाषाको प्रयोग उनका कथामा भेटिन्न । फ्रान्सेली राज्यक्रान्तिले शास्त्रीय भाषामा

नभएर जनताको, बोलचालको, बुझिने भाषामा साहित्य लेखिनु पर्ने कुरामा जोड दियो । यसको प्रभाव जोशी कथामा परेको छ । समग्रमा उनका कथामा अल्पसङ्ख्यक, सीमान्तकृत वर्गको कथा भनिएको छ । विषयवस्तुलाई हेर्ने दृष्टि बहुल छ । पितृसत्ताको विरोध छ । त्यसैले कथाकारको दृष्टिकोण उत्तरआधुनिक रहेको पुष्टि हुन्छ ।

## सन्दर्भ सूची


उप्रेती, सञ्जिव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

................ (२०६७), *उत्तरआधुनिक संवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

जोशी, रामलाल (२०७२), *ऐना,* काठमाडौँ : ब्रदर बुक्स प्रकाशन प्रा.लि. ।

पौड्याल, एकनारायण (२०७३), 'ऐनाका कथाहरूको वस्तुसन्दर्भ र कथाञ्चल', *गरिमा,* वर्ष ३६, अङ्क ४, पृ. ८५-९५ ।

भट्टराई, गोविन्दराज (२०६२), *उत्तरआधुनिक ऐना,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेश (२०६५), 'उत्तरआधुनिकतावाद', *भृकुटी,* वर्ष १, अङ्क २, पृ. १०-१९ ।

Eugleton, Terry. (1997). *The Illusion of Post Mordernism*. Reprinted. Oxford : Blackwell Publishers Ltd.

Lemon, M.C. (2003). *Philosophy of History*. Landon and New York : Routledge.

Lyotard, Jean- Francois. (1988). *The Differend : Phrases in Dispute, Theory and History of Literature.* Vol 46. Trans. George Van Den Abbeele. Minneapolis: U of Minnesota Press.

Ray, Mohit. (1999). 'The Genealogy of Post-Modernism'. *Post-Modernism and English Life rapture*. New Delhi : Atlantic Publishers and Distributors. P. 7-21.

Rowe, John Carlos. (1992). 'Postmodernist Studies', *Redrawing the Boundaries. Stephen Greenblatt and Giles Gunn,* ed. New York : The Modern Language Association America.

Ward, Glenn. (2003). *Teach Yourself Postmodernism*. London : Hodder Education.

Weaver, Andy. "Writing through Merce: John Cage's Silence, Differends, and Avant-Garde Idioms". *Mosaic. A Journal for the Interdisciplinary Study of Literature* 45.2 (June 2012). 19-37.